घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## कर तथा शुल्क उठाउने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०४।०१)

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी घोराही उप महानगरपालिका क्षेत्रभित्र जडिबुटी, कवाडी, जीवजन्तु कर (उन,खोटो,जडीबुटी,बनकस,खर,कवाडीमाल,प्रचलित कानून बमोजिम निषेध जिवजन्तु बाहेकका अन्य मृत वा मारिएको जिबजन्तुको हाड,सिङ,प्वांख,खुर,छाला वा यस्तै प्रकृतिको बस्तुको व्याबसायिक उपयोग गरे वाफत) र विज्ञापन कर (यस उपमाहानगरपालिकाको साझेदारीमा निर्माण हुने सोलार जडित डिजिटल विज्ञापन रहने क्षेत्र बाहेकका क्षेत्रमा) आ.व.०७७।०७८ मा सातौं नगर सभाबाट पारित गरेको दररेटमा विज्ञापन कर संकलन गर्नको लागि १५ दिनको म्याद राखी यो दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य इच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । पूर्ण विवरणको सूचना यस कार्यालयको सूचनापाटीमा टांस गरिएको छ साथै विस्तृत जानकारीका लागि राजश्व व्यबस्थापन शाखमा कार्यालय समय भित्र सम्मपर्क राख्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

१. दरभाउपत्र लिन इच्छुक संस्था/फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी/फर्म दर्ता/नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान) मूल्य अभिबृद्धि कर प्रमाण पत्रको प्रतिलिपी आ.व. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी रु १०००। एकहजार तिरी (पछि फिर्ता नहुने गरी) दरभाउपत्र यस कार्यालयबाट खरिद गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउ पत्रमा निर्धारित न्यूनतम अंक नघटने गरी कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ, अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. संबैभन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोल अंक स्वीकार गरिने छ । स्वीकृत दरभाउ पत्रदाताले संझौता हुनु पूर्व कबोल गरेको ६० प्रतशित नगद दाखिला र बांकी ४० प्रतिशत रकम बराबरको चालु आ ब सम्मको म्याद भएको बैंक जमानत पत्र दाखिला गरेपछि मात्र कार्यादेश प्राप्त गर्न सक्नेछ ।
४. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म घोराही उप महानगरपालिका कार्यालयबाट खरिद गरीसक्नु पर्नेछ ।
५. सिलबन्दी दरभाउपत्रको साथ आफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतशितले हुन आउने रकम यस घोराही उप महानगरपालिकाको नेपाल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं. ०२७०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ
६. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति:सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२.००बजे सम्म।
७. दरभाउ पत्र खोलिने दिन: दरभाउ पत्र दाखिला हुने दिनको २.०० बजे ।
८. सिलबन्दी दरभाउ पत्र रहेको खाम बाहिर आफ्नो नाम, ठेगाना, आय ठेक्का नम्बर उल्लजेख गर्नु पर्नेछ ।
९. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
१०.म्यादनाघी वा रित नपुगी वा कुनै शर्त उल्लेख गरीएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।
११.यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिल

| क्र.सं. | कामको बिबरण | आयठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | अवधि |
|---|---|---|---|---|
| १ | जडिबुटी, कवाडि, जीवजन्तु कर | ०१/०७७।०७८ | १७००००००।०० | १ वर्ष |
| २ | बिज्ञापन कर | ०२/०७७।०७८ | १००००००।०० | १ वर्ष |

प्रमुख प्रशासकिय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत